प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

☎:०७१- ५५०६२२
५४००२९,
५५०००३,
५५००६३

पत्र संख्या : ०७६।७७

चलानी नं. : १४००

मितिः २०७७।०३।०९

विषयः समपुरक अनुदानका आयोजना तथा कार्यक्रम प्रस्ताव सम्बन्धमा ।

श्री स्थानीय तह सबै(१०९ वटै),
प्रदेश नं. ५ ।

प्रस्तुत विषयमा आगामी आ.व. २०७७/७८ का लागी प्रदेश सरकारले प्रदेशभित्रका स्थानीय तहलाई उपलब्ध गराउने सापुरक अनुदानका आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने म्याद चालु आ.व. २०७६/७७ को असार मसान्तसम्म कायम गरी यस मन्त्रालयको च.नं. ११७२ मिति २०७७।०१।१० को पत्रमार्फत जानकारी गराइएको व्यहोरा अवगत नै छ । सो सम्बन्धमा प्रदेश सरकार(माननीय मुख्यमन्त्री एवम् आर्थिक मामिला तथा योजना मन्त्रिस्तर)को मिति २०७७।०३।०८ गतेको निर्णयानुसार आगामी आ.व. २०७७/७८ को लागि समपुरक अनुदानका आयोजना तथा कार्यक्रम देहाय बमोजिमको मार्गदर्शन अवलम्बन गरी प्रस्ताव गर्नुहुन अनुरोध छ।

१. प्रदेश सरकारको दायित्व उपमहानगरपालिकाको हकमा रु.३ करोड, नगरपालिकाको हकमा रु.२ करोड र गाउँपालिकाको हकमा रु.१ करोड ५० लाखको सीमा रहने गरी प्रस्ताव गर्नुहुनेछ ।
२. रु. ५० लाख भन्दा कम लागतका आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुहुने छैन ।
३. प्रदेश सरकारको लागत बराबरको रकम स्थानीय तहको लागत सहभागिता सुनिश्चित हुने गरी आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुहुनेछ ।
४. समपुरक अनुदानको लागि आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा "समपुरक अनुदान व्यवस्थापन कार्यविधि, २०७५(प्रथम संशोधन सहित) को अवलम्बन गर्नुहुनेछ ।
५. समपुरक अनुदानको लागि आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा प्रस्ताव सहित कार्यपालिकाको निर्णय र आयोजना तथा कार्यक्रमको लागत अनुमानको सारांश(Summary of Cost) मात्र अनिवार्य रुपमा समावेश गर्नुहुनेछ ।
६. चालु आ.व. २०७६/७७ मा आगामी आ.व. २०७७/७८ मा समेत कार्यान्वयन हुने गरी स्वीकृत बहुवर्षिय आयोजना तथा कार्यक्रम सम्पन्न गर्न लाग्ने रकम छुट्याइ बाँकी रकमबाट मात्र नयाँ आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुहुनेछ ।
७. समपुरक अनुदानका आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा "समपुरक अनुदान व्यवस्थापन कार्यविधि, २०७५(प्रथम संशोधन सहित)" को अनुसूची-१ बमोजिमको फारम अनिवार्य रुपमा समावेश गर्नुहुनेछ ।

प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

☎:०७१- ५५०६२२
५४००२९,
५५०००३,
५५००६३

पत्र संख्या : ०७६।७७

चलानी नं. :

८. आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा कोरोना भाइरस (Covid-19) को न्यूनीकरण तथा रोजगारी सिर्जना गरी आयआर्जन वृद्धि गर्ने खालका आयोजना तथा कार्यक्रमहरु प्रस्ताव गर्नुहुनेछ ।

९. समपुरक अनुदान सम्बन्धी प्रस्ताव moeap5.anudan@gmail.com मा २०७७ असार मसान्तभित्र पठाउनुहुनेछ । सो अवधि पश्चात् प्राप्त हुने आयोजना तथा कार्यक्रमहरु छनौटको लागि सूचीमा समावेश गरिनेछैन ।

जिवकला भण्डारी
अधिकृत सातौं